apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

सूचना

शुभ दीपावली तथा छठ पर्वको पावन अवसरमा आफ्नो फोटोसहितको शुभकामना विज्ञापन पत्रिकामा प्रकाशन गर्न इच्छुक महानुभाव, जनप्रतिनिधि, संघ-संस्था, राजनीतिक दल, व्यवसायी तथा सम्पूर्ण शुभेच्छुकहरूलाई समयमै सम्पर्क गर्न हार्दिक अनुरोध गरिन्छ।

आफ्नो शुभकामना सन्देश तथा फोटोसहितको विज्ञापन प्रकाशन गराउनका लागि आजै सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बर

०३३-५२१२१४, ९८५४०२१७३९, ९८५२८२१२१४

● वर्ष: १२ ● अंक: २९० ● पृष्ठ: ४ ● १८ कार्तिक २०८३ बुधबार (04 November 2026. Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

ओझेलमा पर्दै हुक्काहुक्की परम्परा

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १७ गते



दीपावलीको रौनकसँगै मधेशका गाउँबस्तीमा पुस्तौंदेखि चल्दै आएको हुक्काहुक्की खेल्ने परम्परा विस्तारै ओझेलमा पर्दै गएको छ। धार्मिक तथा सांस्कृतिक आस्थासँग जोडिएको यो मौलिक लोकपरम्परा नयाँ पुस्तामा हस्तान्तरण हुन नसक्दा यसको संरक्षण चुनौतीपूर्ण बन्दै गएको छ।

मधेशका विभिन्न जिल्लासहित सिरहामा समेत सांस्कृतिक पहिचानका रूपमा रहेको हुक्काहुक्की परम्परा पछिल्लो समय आधुनिक जीवनशैली, बसाइँसराइ र परम्परागत कृषि प्रणालीमा आएको परिवर्तनका कारण प्रभावित भएको छ । कुनै समय घरघरमै तयार गरिने हुक्कापाति अहिले कच्चा पदार्थको अभाव र परम्परागत सीप जान्ने व्यक्तिको सङ्ख्या घट्दै जाँदा दुर्लभ बन्दै गएको छ।

विशेषगरी जुट अर्थात् पटुवा खेती घट्दै जानु यसको प्रमुख कारणमध्ये एक हो। हुक्कापाति बनाउन प्रयोग हुने जुटको सन्ठी र रारीको खर सहजै उपलब्ध हुन छाडेपछि यसको निर्माणसमेत कठिन हुन थालेको छ। अर्कोतर्फ, सहर केन्द्रित बसाइँसराइ र आधुनिक मनोरञ्जनका साधनको बढ्दो प्रयोगले बालबालिकामा परम्परागत संस्कृतिप्रतिको आकर्षण घट्दै गएको ज्येष्ठ नागरिकहरूको अनुभव छ।

मधेशको परम्पराअनुसार लक्ष्मी पूजाको साँझ हुक्काहुक्की बालेर सामूहिक रूपमा खेल्ने चलन छ। यसलाई घरबाट दरिद्रता हटाउने तथा सुख, शान्ति र समृद्धि भित्र्याउने धार्मिक एवं सांस्कृतिक विश्वाससँग जोडिएको छ।

ज्येष्ठ नागरिकहरूका अनुसार पहिले गाउँघरमा किसानहरूले आफ्नै खेतमा जुटखेती गर्ने भएकाले हुक्कापाति बनाउन आवश्यक सामग्री सहजै उपलब्ध हुन्थ्यो । जुटखेती नभएका परिवारलाई समेत छिमेकीले निःशुल्क हुक्कापाति बनाएर दिने चलन थियो। तर, पछिल्लो समय जुटखेती घट्दै गएपछि हुक्कापाति बनाउने र बिक्री गर्ने प्रवृत्ति बढेको छ।

सिरहा बजारमा हुक्काहुक्की बिक्री गर्दै आएका रञ्जित यादवका अनुसार नयाँ पुस्तालाई आफ्नो मौलिक संस्कृतिबारे जानकारी गराउन पनि यसको बिक्री गर्ने गरिएको छ। उनका अनुसार ग्रामीण बस्तीबाट सहरमा बसाइँ सर्ने क्रम बढेसँगै नयाँ पुस्ता परम्परागत संस्कृतिबाट टाढिँदै गएको छ।

बाँकी पृष्ठ ३ ▸▸

कर्मचारी सरुवामा विभेद भएको भन्दै कालो कपडाले मुख ढाकेर प्रदर्शन



अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक १७ गते

मधेश प्रदेश सरकारले हालै गरेको कर्मचारी सरुवामा विभेद र चलखेल भएको आरोप लगाउँदै चुरे तथा वनजंगल संरक्षण अभियानका अभियन्ताहरूले प्रदेश सरकारविरुद्ध सांकेतिक विरोध प्रदर्शन गरेका छन्।

मंगलबार जनकपुरधामस्थित मधेश भवनको मुख्य प्रवेशद्वारअगाडि अभियन्ताहरूले मुखमा कालो कपडा बाँधेर करिब एक घण्टा धर्ना दिएका हुन्। उनीहरूले १५ देखि २५ वर्षसम्म एउटै कार्यालयमा कार्यरत कर्मचारीको सरुवा किन नगरिएको भन्दै प्रदेश सरकारसँग जवाफ मागेका छन्।

प्रदर्शनकारीहरूले सरुवाको समयावधि पूरा भएका कर्मचारीलाई सरुवा नगर्नुको कारण र त्यसमा कसको शक्ति तथा पहुँचले काम गरेको हो भन्ने प्रश्नसमेत उठाएका छन्। उनीहरूले सरुवा प्रक्रियामा सबै कर्मचारीलाई समान मापदण्ड लागु गर्न र राजनीतिक तथा व्यक्तिगत स्वार्थका आधारमा सरुवा रोक्ने प्रवृत्ति अन्त्य गर्न माग गरेका छन्।

प्रदर्शनका क्रममा उनीहरूले प्रशासनिक सुधार, पारदर्शिता र जवाफदेहिताको माग गर्दै विभिन्न नारासहितका प्लेकार्ड प्रदर्शन गरेका थिए । 'महिला तथा नवप्रवेशी कर्मचारीमाथिको उत्पीडन बन्द गर', 'स्वाभिमान र कार्यसुरक्षा लागु गर', 'गैरकानुनी लाभ आर्जन गर्ने सञ्जाल

बाँकी पृष्ठ ४ ▸▸

धनुषाको बडहरीमा पहिलो पटक मिथिला महोत्सव हुँदै

अपन दैनिक संवाददाता
ढल्केवर, कार्तिक १७ गते



धनुषाको बडहरीमा पहिलोपटक मिथिला महोत्सव आयोजना हुने भएको छ। स्थानीय कला, संस्कृति तथा खेलकुदको प्रवर्धनसँगै आर्थिक गतिविधि विस्तार गर्ने उद्देश्यले मिथिला नगरपालिका-८ स्थित बडहरीमा स्थानीय बेंगाडावर युवा क्लबले आगामी कात्तिक २४ गतेदेखि महोत्सव सञ्चालन गर्न लागेको हो।

तिहार र छठको अवसर पारेर स्थानीयस्तरमा मनोरञ्जनात्मक गतिविधिको अवसर सिर्जना गर्नुका साथै व्यापारिक तथा आर्थिक गतिविधिलाई गति दिने लक्ष्य महोत्सवले राखेको आयोजकले जनाएको छ। बडहरीमा पहिलोपटक आयोजना हुन लागेको महोत्सवले स्थानीय क्षेत्रको आर्थिक चलायमानतामा योगदान पुऱ्याउने अपेक्षा गरिएको मिथिला नगरपालिका -८ का वडाध्यक्ष दीपकजंग थापाले बताए।

स्थानीय खेलाडीको प्रतिभा उजागर गर्ने र खेलकुद क्षेत्रको विकासमा सहयोग पुऱ्याउने गतिविधि सञ्चालन गर्न आर्थिक सहयोग जुटाउने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको बेंगाडावर युवा क्लबका अध्यक्ष राजु लामाले बताए। महोत्सवलाई मनोरञ्जनसँगै खेलकुद प्रवर्धनको अवसरका रूपमा समेत उपयोग गर्ने लक्ष्य रहेको उनको भनाइ छ।

अध्यक्ष लामाका अनुसार महोत्सवमा राष्ट्रियस्तरमा ख्याति कमाएका कलाकारहरूको सांगीतिक प्रस्तुति रहनेछ। यसले स्थानीय दर्शकलाई मनोरञ्जन प्रदान गर्नुका साथै महोत्सवमा थप आकर्षण बढाउने अपेक्षा गरिएको छ।

आगामी मंसिर ६ गतेसम्म सञ्चालन हुने महोत्सवमा करिब ७० लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको अध्यक्ष लामाले बताए। महोत्सव परिसरमा विभिन्न व्यापारिक स्टलसमेत राखिने आयोजकले जनाएको छ। स्टलहरुमा स्थानीय उत्पादनलाई विशेष प्राथमिकतामा राखिने बताइएको छ।

ग्राभेलको सट्टा माटो प्रयोग, स्थानीयको विरोधपछि सडक निर्माण रोकियो

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १७ गते



मधेश प्रदेश सरकारको 'एक निर्वाचन क्षेत्र, एक सडक' कार्यक्रमअन्तर्गत सिरहाको गोलबजारदेखि नरहाको देवीपुरसम्म निर्माण भइरहेको सडकमा ग्राभेलको सट्टा माटो प्रयोग गरिएको भन्दै स्थानीयले विरोध जनाएका छन्। स्थानीयको विरोधपछि निर्माण कार्य रोकिएको छ।

गोलबजार नगरपालिका-१० स्थित अशोक गाछीदेखि कदिमाटोल, भाइजीटोल, बल्कवा हुँदै नरहाको देवीपुरसम्म निर्माण भइरहेको सडकमा ग्राभेल हाल्नुपर्ने स्थानमा माटो तथा बालुवा प्रयोग गरिएको स्थानीयको आरोप छ।

उक्त सडक निर्माणका लागि २०८२ जेठ १४ गते एटलस इन्जिनियरिङ एन्ड कन्स्ट्रक्सन कम्पनी प्रालि र पवित्र निर्माण सेवा, काठमाडौं नयाँ बजारको संयुक्त उपक्रम (जेभी) सँग ११ करोड ५० लाख ४ हजार ३२५ रुपैयाँमा ठेक्का सम्झौता भएको थियो। कुल ४ किलोमिटर ७४५ मिटर सडक अस्फाल्ट कालोपत्रे गर्ने गरी सम्झौता भएको आयोजनाको निर्माण २०८३ मंसिर १३ गतेभित्र सम्पन्न गर्नुपर्नेछ।

निर्माण सम्पन्न गर्ने समयसीमा नजिकिँदै गर्दा ठेकेदार कम्पनीले हतारमा गुणस्तरहीन काम गरिरहेको स्थानीयको आरोप छ। उनीहरूका अनुसार रातिको समयमा स्थानीय सुतिसकेपछि ग्राभेलको सट्टा माटो खसाल्ने गरिएको छ।

गोलबजार नगरपालिका-७ कदिमाटोलका इन्द्रदेव यादवले रातिको समयमा माटो खसाल्ने गरिएको बताए । 'हामी राति सुतिसकेपछि माटो खसाल्ने काम हुँदो रहेछ। बिहान

बाँकी पृष्ठ २ ▸▸





प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

सम्पादकीय...

बद्दो तस्करी र भन्सार राजस्वमा गिरावट

सिरहा भन्सार कार्यालय माडरले चालु आर्थिक वर्ष २०८३/०८४ को पहिलो तीन महिनामा ४ करोड ३३ लाख ५१ हजार रुपैयाँ राजश्व संकलन गरेको छ। तीन महिनाको समग्र राजश्व संकलनलाई हेर्दा सुधारको संकेत देखिएपनि मासिक लक्ष्य र असुलीको अवस्थाले गम्भीर प्रश्नहरू जन्माएको छ। विशेषगरी साउन र भदौ महिनामा लक्ष्यअनुसार राजश्व संकलन हुन सकेको छैन्। त्यही भएर यी दुई महिनामा राजश्व असली लक्ष्य अनुसार नहुनुका कारण खोज्नु पर्छ। साउन महिनामा १ करोड ३५ लाख रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य रहेकामा ६१ लाख ६५ हजार रुपैयाँ मात्रै असुली भएको थियो। भदौमा १ करोड ४५ लाख रुपैयाँ लक्ष्य रहेकामा १ करोड ३७ लाख ५२ हजार रुपैयाँ असुली भएको थियो। साउन र भदौं गरी दुई महिनासम्म लक्ष्यअनुसार राजश्व संकलन हुन नसक्नुको वास्तविक कारण पहिचान गर्नुपर्छ। आखिर साउन र भदौमा राजस्व संकलन किन घट्यो ? के आयातको परिमाण घटेको थियो ? के व्यापारिक गतिविधि सुस्त भएका थिए ? वा अवैध आयात अर्थात् तस्करी बढेको थियो ? यी प्रश्नको गम्भीर अनुसन्धान हुन आवश्यक छ।

सिरहा जिल्लाको दक्षिणी सीमावर्ती क्षेत्रमा पछिल्लो समय तस्करी बढेको गुनासो अत्याधिक छ। यसलाई सम्बन्धित निकायले गम्भीरतापूर्वक लिनुपर्छ। यदि वैध रूपमा भन्सार प्रक्रिया पूरा गरेर नेपाल भित्रिनुपर्ने सामान अवैध बाटोबाट भित्रिरहेको छ भने त्यसले राज्यको राजस्वमा प्रत्यक्ष असर पार्छ। यसबाट राज्यले राजस्व गुमाउने मात्र होइन, वैध व्यापार गर्ने व्यवसायीसमेत प्रतिस्पर्धामा पछि पर्छन्। त्यसैले तस्करी नियन्त्रणलाई सुरक्षाको विषयका रूपमा मात्र नभई राज्यको आर्थिक हित र सुशासनसँग जोडेर हेर्नुपर्छ। सीमावर्ती क्षेत्रमा हुने अवैध कारोबार नियन्त्रण गर्ने प्रमुख जिम्मेवारी प्रहरी प्रशासन, सशस्त्र प्रहरी बल र भन्सार कार्यालयको हो। यी निकायबीच प्रभावकारी समन्वय, नियमित अनुगमनवाट नै तस्करी नियन्त्रण गर्न सकिन्छ। तर कतै जिम्मेवार निकायकै कमजोरी, निष्क्रियता वा मिलेमतोका कारण अवैध कारोबारले प्रश्रय पाइरहेको त छैन भन्ने प्रश्न पनि उठ्छ। यस विषयमा प्रमाणका आधारमा निष्पक्ष छानबिन हुनुपर्छ। यसका लागि सिरहा भन्सार कार्यालयको मासिक राजश्व विवरण, आयातको परिमाण, वस्तुको प्रकृति र बजारमा उपलब्ध सामानको अवस्थाबीच तुलनात्मक अध्ययन गरिनुपर्छ। सीमावर्ती नाकाहरूमा हुने कारोबारको निगरानी बढाउनुका साथै अवैध आयातका सम्भावित मार्ग पहिचान गरी प्रभावकारी नियन्त्रणको व्यवस्था गर्नुपर्छ। तस्करीमा संलग्न व्यक्ति, समूह वा संरक्षणकर्ताको पहिचान भएमा कानुनी कारबाही गर्न राज्यका सम्बन्धित निकाय पछि हट्नु हुँदैन्।

राज्यको आम्दानीको महत्वपूर्ण स्रोत भन्सार राजश्व हो। यसबाट प्राप्त हुने रकम विकास निर्माण, शिक्षा, स्वास्थ्य र सार्वजनिक सेवामा खर्च हुन्छ। त्यसैले भन्सार राजश्व चुहावट हुनु भनेको अन्ततः जनताको विकास र समृद्धिका लागि उपलब्ध हुनुपर्ने स्रोत गुम्नु हो। राजश्व संकलन बढाउने नाममा वैध व्यापारीलाई अनावश्यक दुःख दिने होइन, बरु अवैध कारोबार नियन्त्रण गरी सबैलाई समान कानुनी दायरामा ल्याउनु आवश्यक छ। सिरहा जिल्लामा तस्करी भइरहेको आशंकालाई गम्भीरतापूर्वक लिएर सरोकारवाला निकायले वृहत् र निष्पक्ष छानबिन गर्नुपर्छ। प्रहरी प्रशासनको सक्रियता, इमानदारी र जवाफदेहिता सुनिश्चित गरिनुपर्छ। भन्सार प्रशासनले पनि आफ्नो कार्यसम्पादन पारदर्शी बनाउनुपर्छ। तीन महिनाको राजस्व विवरणले देखाएको उतारचढावको वास्तविक कारण सार्वजनिक गरिनुपर्छ। असोजमा लक्ष्यभन्दा बढी राजस्व संकलन हुनु उपलब्धि हो, तर साउन र भदौमा भएको न्यून असुलीको कारण नखोजी यसलाई पूर्ण सफलता मान्न सकिदैन्। तस्करी नियन्त्रण, राजश्व चुहावटको अन्त्य र जिम्मेवार निकायको जवाफदेहिता सुनिश्चित गर्नु पर्छ। अनि मात्र सिरहा भन्सारले निरन्तर लक्ष्यभन्दा बढी राजस्व संकलन गर्न सक्छ। त्यसैले तस्करीको जालो पहिचान गर्ने र दोषीलाई कारबाही गर्ने दिशामा राज्यका निकायको ध्यान केन्द्रित हुनुपर्छ। तस्करीलाई मलजल गर्नेलाई नियन्त्रणमा लिई कडा कारबाही गर्नुपर्छ। त्यसको जरुरी छ। जसले गर्दा सिरहा जिल्लामा भन्सार राजश्व असुलीलाई व्यवस्थित र लक्ष्य पूरा गर्न सहज हुन सक्छ। यसैले यसमा सरोकारवालाले विशेष जोड दिनुपर्छ।

❍ ग्राहक बन्नु परेमा ।
❍ नवीकरण गर्नु परेमा ।
❍ ठेगाना परिवर्तन भएमा ।
❍ पत्रिका नियमित नआएमा ।
सिधा सम्पर्क ०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

सरकारविरूद्ध सडक तताउन चाहन्छन् एमाले र नेकपा, के छ गगनको नीति ?

दिपेन्द्र अधिकारी



वालेन्द्र शाह 'बालेन' नेतृत्वको सरकार स्वेच्छाचारी ढंगले अघि बढिरहेको निष्कर्षमा विपक्षी दलहरू पुगेका छन्। प्रमुख विपक्षी दलहरूमध्ये एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) सडक आन्दोलनको तयारीमा छन्। त्यसमा कांग्रेसले साथ दिने देखिएको छैन।

छठ पर्वलगत्तै विपक्षी दलहरूले सरकारविरोधी आन्दोलन गर्ने तयारी थालेका छन्। सरकारविरोधी मोर्चाबन्दी कस्ने तयारीमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसभन्दा पनि वामपन्थी दलहरू अग्रसर देखिएका छन्।

पूर्वप्रधानमन्त्री तथा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान सरकार राष्ट्रियता, सामाजिक न्याय, आर्थिक समृद्धि तथा जनजीविकाका सवालमा अनुदार बन्दै गएकाले दसैं-तिहार-छठ पर्वलगत्तै आन्दोलनको आँधीबेहरी ल्याउने चेतावनी दिँदै आएका छन्। दसैंअघि २३ असोज बसेको केन्द्रीय संयोजन समिति बैठकमा प्रचण्डले सरकार बनेको ६ महिनामै वालेन्द्र शाह नेतृत्वको सरकार अलोकप्रिय बन्दै गएको निष्कर्ष निकालेका थिए।

सरकारका गलत कामको भण्डाफोर गर्दै पार्टी संगठनलाई सुदृढीकरण गर्ने उद्देश्यले नेकपाले ७ कार्तिकदेखि २५ मंसिरसम्म राष्ट्रिय जागरण अभियान घोषणा गरेको छ। नेकपाले सार्वजनिक गरेको अन्तरपार्टी अपानी-५ को १३ नम्बर बुँदामा राष्ट्रिय स्वाधीनता, लोकतान्त्रिक गणतन्त्र, जनजीविका, सुशासनलगायत सवालमा सबै पक्षसँग सहकार्य गर्ने निर्णय गरेको छ।

उता, एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले सरकारविरोधी आन्दोलन चर्काउन नेता तथा कार्यकर्तालाई निर्देशन दिएका छन्। गत असोजको दोस्रो हप्ता सम्पन्न केन्द्रीय समिति बैठकले एमालेविरुद्ध चौतर्फी घेराबन्दी भएकाले सदन र सडकबाट सशक्त आन्दोलन गर्नुपर्ने निष्कर्ष निकालेको छ।

सामान्य रूपमा हेर्दा पनि उसले कुनै न कुनै बहानामा आन्दोलनको माहौल बनाउन खोजेको देखिन्छ। गत १४ कार्तिकमा बाराको फेटा गाउँपालिका- ३ स्थित आधारभूत स्वास्थ्य कार्यालयको नवनिर्मित भवन उद्घाटनका क्रममा विवाद हुँदा गोली चल्यो। गोली लागेर एक जना गम्भीर घाइते भएका छन्। घटनापछि आक्रोशित स्थानीयले १० भन्दा बढी मोटरसाइकलमा आगजनी गरेका थिए।

नवनिर्मित भवनमा विद्युत्, खानेपानीलगायतका आधारभूत पूर्वाधारको व्यवस्था नगरी उद्घाटन गर्न खोजिएको भन्दै स्थानीयले विरोध जनाएका थिए। यसै विषयलाई लिएर स्थानीय र गाउँपालिका नेतृत्वबीच विवाद सुरु भएको थियो। गाउँपालिका अध्यक्ष रुस्तम अन्सारीले स्थानीयको विरोधका बावजुद जबर्जस्ती भवन उद्घाटन गर्न खोजेपछि विवाद थप चर्किएको थियो।

पालिका अध्यक्ष अन्सारी यसअघि विवेकशील साझा पार्टीमा आबद्ध थिए। अहिले उक्त पार्टी रास्वपामा गाभिएको छ। उनी रास्वपाका महाधिवेशन प्रतिनिधिसमेत हुन्। विपक्षी दलहरूको विरोध गर्ने कार्यको नेतृत्व एमालेले गरेको थियो। पूर्वाधारको निर्माण पूर्ण नहुँदै उद्घाटन गर्ने थिति एमालेका अध्यक्ष ओलीले प्रधानमन्त्रीकालमा बसालेका थिए।

त्यस्तै, पूर्वप्रधानमन्त्री तथा नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान सरकार राष्ट्रियता, सामाजिक न्याय, आर्थिक समृद्धि तथा जनजीविकाका सवालमा अनुदार बन्दै गएकाले दसैं-तिहार-छठ पर्वलगत्तै आन्दोलनको आँधीबेहरी ल्याउने चेतावनी दिँदै आएका छन्। प्रचण्डले गत २३ असोजमा बसेको केन्द्रीय संयोजन समिति बैठकमा सरकार बनेको ६ महिनामै वालेन्द्र शाह नेतृत्वको सरकार अलोकप्रिय बन्दै गएको निष्कर्ष निकालेका थिए।

प्रधानमन्त्री शाहले सत्तारुढ दलकै एक समूहलाई बाइपास गरेर अगाडि बढेकाले सरकारको आयु धेरै नभएको तर्क प्रचण्डको छ। सरकारका गलत कामको भण्डाफोर गर्दै पार्टी संगठनलाई सुदृढीकरण गर्ने उद्देश्यले नेकपाले ७ कार्तिकदेखि २५ मंसिर सम्म राष्ट्रिय जागरण अभियान घोषणा गरेको छ।

नेकपाका शीर्ष नेताहरूले प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेससँग पटक-पटक छलफल गर्दै आन्दोलनमा आउन कांग्रेसलाई आग्रह गरिरहेका छन्। तर, त्यसलाई कांग्रेसले अस्वीकार गरिरहेको छ। उसले प्रतिपक्षी भूमिकामा विपक्षी जनमत पाएकाले सोहीअनुसार प्रस्तुत हुनुपर्ने धारणा राख्दै आएको छ।

कांग्रेसको संसदीय दलका नेता भीष्मराज आङ्देम्बे सरकारप्रति पार्टीले देखाएको सदाशयतालाई कमजोरीका रूपमा सरकारले हेरेको टिप्पणी गर्छन्। उनले सरकार संसदको मर्यादा, कानुनी शासन, पारदर्शिता र जवाफदेहिताप्रति गम्भीर नदेखिएको टिप्पणी गर्ने गरेका छन्। राज्यका निकायबाट पटक-पटक संसदको मर्यादा र स्थापित विधि-प्रक्रियाको बेवास्ता भइरहेको ठहर आङ्देम्बेको छ।

सरकारलाई गुण र दोषका आधारमा समर्थन र विरोध गर्ने नीति लिएको कांग्रेसले कडा रूपमा विरोध नगरी संसदीय प्रक्रियामार्फत विरोध गर्न खोजिरहेको थियो। तर, सरकार स्वेच्छाचारी रूपमा अघि बढेको भन्दै उसका सभापति गगन थापाले १५ कार्तिकमा पार्टी मुख्यालय सानेपामा विशेष सम्बोधन गर्दै सरकार निरङ्कुश र स्वेच्छाचारी ढंगले अघि बढिरहेको आरोप लगाए। थापाले सत्ताको आडमा विधिको शासन र लोकतान्त्रिक मूल्यमान्यता मिच्ने छुट कसैलाई नहुने बताए।

रास्वपाले सरकारका गलत कदमप्रति केवल औपचारिक वक्तव्य निकालेर पन्छिन नमिल्ने बताउँदै उनले नतिजामुखी कदम चाल्न चुनौती दिए। 'हामीलाई औपचारिकता निभाउने वक्तव्य होइन, ठोस परिणाम चाहिएको छ,' थापाले भनेका थिए, 'साँच्चिकै निष्ठा बाँकी छ भने रास्वपा संसदीय दलको बैठक बसोस्, त्यहाँ प्रधानमन्त्रीलाई बोलाइयोस्, उहाँलाई स्पष्ट निर्देशन दिइयोस् र त्यो निर्देशन बोकेर कार्यान्वयनमा लगियोस्। हामीले हेर्न चाहेको त्यो हो।'

अहिले कांग्रेस सभापति थापा र प्रधानमन्त्री बालेनबीच सामाजिक सञ्जालमा छेडखानी चलिरहेको छ। बिस्तारै शान्त बसेको कांग्रेस आक्रामक देखिन थाले पनि त्यसले गति लिने देखिँदैन।

कांग्रेसका सहमहामन्त्री योगेन्द्र चौधरी कांग्रेसले संसदबाट सरकारलाई सचेत गराउन चाहेको बताउँछन्। 'प्रतिपक्षीहरूसँग संवाद गर्ने, नागरिक समाजसँग संवाद गर्ने काम कांग्रेसले सुरु गरिसकेको

बाँकी पृष्ठ ३ ▸▸

ग्राभेलको सट्टा माटो प्रयोग, स्थानीयको .....

उठ्दा मात्रै थाहा हुन्छ। हिजो राति पनि माटो खसालेको देखेपछि ठेकेदार र प्राविधिकलाई जानकारी गराएका हौं,' उनले भने।

उनका अनुसार जथाभावी स्थानबाट उत्खनन गरिएको तथा रुखका जरासमेत मिसिएको माटो सडकमा प्रयोग गरिएको छ।

स्थानीय श्रवण यादवले सडक निर्माणमा भइरहेको अनियमितता र गुणस्तरहीन कामबारे जनप्रतिनिधि तथा सम्बन्धित कार्यालयलाई पटक-पटक जानकारी गराउँदा पनि सुनुवाइ नभएको गुनासो गरे।

'स्थानीयले विरोध गरेपछि मात्रै ठेकेदार र इन्जिनियर साइटमा आएर अनुगमन गर्ने गरेका छन्। अरू दिन सम्बन्धित कार्यालयका प्रतिनिधिको उपस्थिति हुँदैन,' उनले भने। पटक-पटक गुनासो गर्दा पनि सुनुवाइ नभएपछि बाध्य भएर निर्माण कार्य रोक्नुपरेको उनको भनाइ छ।

यता, निर्माण कम्पनीका साइट इन्चार्ज गोपाल हमालले सडक निर्माणका क्रममा केही स्थानमा माटो खसेको स्वीकार गरेका छन्। उनले सडक निर्माणका लागि ग्राभेल नै प्रयोग गरिएको दावी गर्दै स्थानीयको विरोधपछि प्रयोग गरिएको सामग्री परीक्षणका लागि प्रयोगशालामा पठाइने बताए। परीक्षणको रिपोर्ट आएपछि मात्रै थप कुरा स्पष्ट हुने उनको भनाइ छ।

भौतिक पूर्वाधार कार्यालय सिरहाका इन्जिनियर रविन्द्र महतोले स्थानीयको गुनासोपछि निर्माणस्थल अनुगमन गरेको जानकारी दिए। अनुगमनका क्रममा केही स्थानमा माटो प्रयोग भएको पाइएको स्वीकार गर्दै उनले उक्त माटो हटाउन निर्माण कम्पनीलाई निर्देशन दिइसकेको बताए।

प्रयोग गरिएको निर्माण सामग्रीको प्रयोगशाला परीक्षणको नतिजा नआएसम्म काम रोक्नसमेत निर्देशन दिइएको उनले जानकारी दिए।

करोडौं रुपैयाँको लागतमा निर्माण भइरहेको सडकमा सुरुदेखि नै निर्धारित मापदण्डअनुसार काम हुनुपर्नेमा समयसीमा नर्जिकिदै गर्दा हतारमा गुणस्तरमा सम्झौता गरिएको भन्दै स्थानीयले आपत्ति जनाएका छन्। उनीहरूले प्रयोग गरिएको सामग्रीको निष्पक्ष प्रयोगशाला परीक्षण, मापदण्डअनुसार निर्माण कार्य र सम्बन्धित निकायबाट नियमित अनुगमनको माग गरेका छन्।

आजको राशिफल

मेष : आज तपाईंमा नयाँ काम गर्ने उत्साह र आत्मविश्वास बढ्नेछ। रोकिएका काम अघि बढ्न सक्छन्।

बृष : आज धैर्य र संयमले काम लिनुपर्ने दिन छ। काममा केही ढिलाइ भए पनि निराश नहुनुहोला।

मिथुन : आज नयाँ कुरा सिक्ने र नयाँ व्यक्तिसँग सम्पर्क बढाउने अवसर मिल्न सक्छ।

कर्कट : आज पारिवारिक जिम्मेवारी बढ्न सक्छ। घरपरिवारसँग सम्बन्धित विषयमा महत्त्वपूर्ण निर्णय लिनुपर्ने हुन सक्छ।

सिंह : आज आत्मविश्वास र नेतृत्व क्षमता बढ्नेछ। कार्यक्षेत्रमा नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ।

कन्या : आज योजनाबद्ध रूपमा काम गर्दा राम्रो परिणाम प्राप्त गर्न सकिनेछ।

तुला : आज सामाजिक सम्बन्ध विस्तार हुने सम्भावना छ। साथीभाइ तथा सहकर्मीको सहयोगले काम सहज बन्न सक्छ।

वृश्चिक : आज केही चुनौतीको सामना गर्नुपर्ने हुन सक्छ। धैर्यपूर्वक काम गर्नुभयो भने समस्याको समाधान भेट्न सक्नुहुनेछ।

धनु : आज नयाँ योजना बनाउने र अनुभव बटुल्ने अवसर मिल्न सक्छ।

मकर : आज जिम्मेवारी पूरा गर्न व्यस्त रहनुपर्ने हुन सक्छ। मेहनत र अनुशासनले तपाईंलाई लक्ष्यतर्फ अघि बढाउनेछ।

कुम्भ : आज सिर्जनात्मक सोच र नयाँ योजनाले प्राथमिकता पाउन सक्छ।

मीन : आज भावनात्मक रूपमा केही संवेदनशील महसुस हुन सक्छ। महत्त्वपूर्ण निर्णय लिनुअघि पर्याप्त समय दिनुहोला।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

छठअघि सिर्सिया नदी सफाइ अभियान



अपन दैनिक संवाददाता
काठमाडौं, कार्तिक १७ गते

छठ पर्वलाई लक्षित गरी वीरगञ्जस्थित सिर्सिया नदीको सरसफाइ तथा प्रदूषण नियन्त्रण अभियान तीव्र पारिएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सक्रियतामा सिर्सिया नदीको सरसफाइ, औद्योगिक प्रदूषण नियन्त्रण र वातावरण संरक्षणका कामलाई प्राथमिकताका साथ अघि बढाइएको हो।

नदीमा उद्योगबाट निस्कने रसायनयुक्त फोहर पानी तथा प्रशोधन नगरिएको दूषित पानी मिसिने समस्या अन्त्य गर्न सम्बन्धित उद्योगहरूलाई निर्देशन दिइएको छ।

नदीलाई सफा बनाउँदै श्रद्धालु भक्तजनले छठ पर्वमा स्वच्छ वातावरणमा पूजा तथा अर्घ्य दिन सक्ने अवस्था सिर्जना गर्न सरकार, सम्बन्धित सरकारी निकाय र स्थानीय तह सक्रिय भएका छन्।

उद्योग विभागले यही कार्तिक १४ गते उद्योगहरूलाई नदीमा प्रशोधन नगरेको फोहर पानी नछोड्न पुनः निर्देशन दिँदै संयुक्त अनुगमन तथा निरीक्षण गर्ने जनाएको छ। त्यस्तै, कार्तिक १५ गते प्रमुख जिल्ला अधिकारी भोला दाहालको अध्यक्षतामा बसेको सर्वदलीय तथा सर्वपक्षीय बैठकले सिर्सिया नदीको प्रदूषण नियन्त्रण र फोहर व्यवस्थापनका लागि पाँचबुँदे निर्णय गरेको छ।

बैठकले औद्योगिक क्षेत्रका उद्योगलाई आफ्ना फोहर पानी प्रशोधन केन्द्र २४सै घण्टा पूर्ण क्षमतामा सञ्चालन गर्न तथा प्रशोधन नगरेको रसायनयुक्त पानी नदीमा नछोड्न निर्देशन दिएको छ।

बैठकले साना तथा मझौला उद्योगका लागि साझा फोहर पानी प्रशोधन केन्द्र स्थापना गर्ने सम्भाव्यता अध्ययन, नगरपालिकाको ढल नदीमा मिसिन नदिन वैकल्पिक निकासको व्यवस्था तथा नदीको दीर्घकालीन संरक्षणका लागि तीनै तहका सरकारको सहभागितामा संरक्षण कोष स्थापना गर्ने विषयलाई समेत प्राथमिकतामा राखेको छ।

प्रदूषण गर्ने १२ उद्योगमाथि कारबाही

सिर्सिया नदी प्रदूषण नियन्त्रणका लागि सरकारले यसअघि पनि उद्योगमाथि कारबाही गरेको थियो। गत साउन ५ गते सार्वजनिक विवरणअनुसार नदी आसपासका उद्योगको फोहर पानी परीक्षण गर्दा १२ उद्योगले वातावरणीय मापदण्ड उल्लङ्घन गरेको पुष्टि भएपछि ती उद्योगलाई जनही १० लाखका दरले कूल एक करोड २० लाख जरिवाना गर्ने निर्णय गरिएको थियो।

सरकारको पछिल्लो सक्रियताले सिर्सिया नदीको सरसफाइलाई छठ पर्वसँग मात्र सीमित नराखी दीर्घकालीन रूपमा प्रदूषणमुक्त बनाउने लक्ष्य लिएको छ। यसका लागि उद्योगको नियमित अनुगमन, फोहर पानी प्रशोधन प्रणालीको प्रभावकारी सञ्चालन र मापदण्ड उल्लङ्घन गर्नेमाथि कानुनी कारबाहीलाई निरन्तरता दिनुपर्नेमा जोड दिइएको छ।

छठ पर्वमा श्रद्धालुले स्वच्छ नदीमा अर्घ्य दिन पाउने वातावरण निर्माण गर्नुका साथै सिर्सिया नदीको प्राकृतिक अस्तित्व जोगाउने र आसपासका नागरिकको जनस्वास्थ्य संरक्षण गर्ने सरकारको यो अभियानलाई दीर्घकालीन रूपमा प्रभावकारी बनाउन निरन्तर निगरानी र कार्यान्वयन आवश्यक देखिएको छ।

बालविवाह न्यूनीकरणका लागि कानुनको प्रभावकारी कार्यान्वयनमा जोड

अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक १७ गते

बालविवाह नियन्त्रणका लागि निर्माण गरिएका कानुनको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन्।

मंगलबार मधेश प्रदेशको राजधानी जनकपुरधाममा नेपाल मुस्लिम महिला कल्याण समाजले आयोजना गरेको बालविवाह अन्त्यसम्बन्धी सामुदायिक सचेतना तथा पैरवी कार्यक्रममा सहभागीहरूले कानुनी व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्दा बालविवाहका घटना अझै



कायम रहेको बताएका हुन्। उनीहरूले बालविवाह न्यूनीकरणका लागि राज्यका निकाय, अभिभावक, समुदाय तथा नागरिक समाजबीच सहकार्य आवश्यक रहेको औंल्याए।

जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले नगर क्षेत्रमा

बाँकी पृष्ठ ४ ▸▸

सरकारविरुद्ध सडक तताउन चाहन्छन् एमाले र नेकपा .....

छ। अस्ति सभापतिजीले यसरी जाने भनेर पार्टीको धारणा आधिकारिक रूपमा ल्याउनुभयो। त्यसलगत्तै अब संसदीय दलले, अन्य दलहरूसँग, संसदभित्रका दलहरूसँग पनि संवाद थालेको छ,' उनले भने, 'त्यसपछि कसरी बाटो तय गर्ने, कसरी अगाडि बढ्ने भन्ने कुरा छलफलबाट मात्रै निष्कर्ष निकालेर अगाडि बढ्नेछौं।'

एमाले र नेकपा सडक तताउने पक्षमा भए पनि कांग्रेसमा यसबारेमा छलफल नै भएको छैन। 'हामीले अहिले नै मैदानमा ओर्लिहाल्ने भन्ने कुराका बारेमा पार्टीभित्र छलफल भएको छैन,' चौधरीले भने, 'सरकारले कानुनविपरीत कामहरू गरेको छ, संविधानविपरीत कामहरू थालिसकेको छ। यसको प्रतिवाद कसरी गर्ने ? सरकारका बारेमा प्रश्न उठाउने ठाउँ भनेको हामी विपक्षी दल हौं, त्यसैले हामीले संसदबाट यसको कुरा उठाउनुपर्छ, संसदमै यी विषयहरू उठ्नुपर्छ भन्ने लागेर संसदको आह्वान तत्काल गरोस् भनेरचाहिँ हामीले माग गरिरहेका छौं।'

संसदबाट आउने परिणाम हेरेर मात्र अन्य विकल्पमा कांग्रेस जान्छ। 'एमाले, नेकपाहरू सडकमा आउने तयारी गरिरहेका छन् भन्ने मिडियामार्फत सुनिरहेका छौं। यस सन्दर्भमा अब हामीले पार्टीको बैठक तिहार, छठपछि लगत्तै बोलाएर यसबारेमा गम्भीर ढंगले र वस्तुगत स्थितिबारे छलफल गरेर मात्रै अन्य थप कार्यक्रमका बारेमा निर्णय लिन्छौं,' चौधरीले भने।

एमालेले आन्दोलन गर्ने भनेपछि त्यसको घोषणा भने गरिसकेको छैन। एमालेका प्रमुख सचेतक ऐन महर आन्दोलन गर्ने पार्टीको रहर नभएको बताउँछन्। 'हाम्रो पनि आन्दोलन गर्ने रहर होइन। ए, अब केही काम पाएनौं, गर सडकमा उफ्रिनुपर्छ भन्ने पनि होइन। हाम्रो उद्देश्य देशको लोकतन्त्रको संरक्षण गर्ने, संविधानको रक्षा गर्ने, विधिको शासन र कानुनी राज्य स्थापित गर्ने र त्यसको संरक्षण गर्ने कुरा हो,' उनले भने, 'हाम्रो पार्टीको निष्कर्ष अथवा आमनेपाली जनता पनि अहिले करिब यही निष्कर्षमा पुग्दै छन्।'

सरकार तानाशाह बन्न खोजिरहेको, स्वेच्छाचारी, फासिवादी बाटोमा हिँडिरहेको, निरङ्कुश बनिरहेको र लोकतन्त्रका मूल्यमान्यताहरूलाई यसले आत्मसात् नगरेको आरोप एमालेको छ। त्यस्तै, सरकारले न्यायालयमाथि प्रहार, कर्मचारीमाथि प्रहार, प्रेसमाथि प्रहार गरिरहेको आरोप एमालेको छ।

'सरकार भाँडाकुटी खेलेको जस्तो गरिरहेको छ। सत्तामा बसेर शासनसत्ता चलाउने भनेको भाँडाकुटी खेलेको जस्तो भन्ने सोचेर जुन प्रकारको हाँसीमजाक चलिरहेको छ, यो पराकाष्ठा हो। यस्ता खालका हर्कतहरू रहिरहन्यो भने आन्दोलनको विकल्प छैन,' महरले भने, 'सबै विपक्षी दल यसमा बुझ्दै हुनुहुन्छ। तर, कांग्रेसले अलिकति बुझेर फरक मत राख्यो। औपचारिक रूपमा छलफल नभएकाले अहिल्यै केही भन्न मिल्दैन।'

नेकपाको बुझाइमा आन्दोलन मुलुकले माग गरेकै विषयवस्तु बन्न थालिसकेको छ। प्रत्येक राजनीतिक दलको आफ्नो विश्लेषण हुने र परिस्थितिलाई चिन्ने विषयमा भिन्नताहरू हुने नेकपाका नेता जगन्नाथ खतिवडा बताउँछन्। 'आन्दोलन मुलुकले माग गरेकै विषयवस्तु बन्न थालिसकेको छ। खाली प्रत्येक राजनीतिक दलहरू आफू तयार हुन समय लाग्छ नि,' उनले भने।

नेपाल भूराजनीतिक चक्रव्यूहमा फस्न लागिरहेको, सरकार स्वेच्छाचारी ढंगले अगाडि बढिरहेको, जनता असाध्यै ठूलो महँगी र मूल्यवृद्धिको मारमा परेको, जनजीवन एकदमै कष्टसाध्य बनेको अवस्थामा नेकपाले यसको समाधान खोजिरहेको छ।

अहिलेको अवस्थामा दुईवटा बाटोबाट समस्याको समाधान हुने खतिवडा बताउँछन्। 'या त शक्तिशाली सरकारले सबै राजनीतिक दलहरूले दिएका सुझावहरूलाई, तिनका आलोचनाहरूलाई सरकारले ठीक ढंगले ग्रहण गर्नुपर्‍यो। या त निरङ्कुश शैलीमा हिँडिरहेको, सर्वसत्तावादी ढंगले हिँडिरहेको सरकारलाई झकझक्याउन, त्यसलाई दबाब दिनुपर्‍यो, त्यस दबाबको एउटा स्वरुप हो आन्दोलन,' उनले भने।

ओझेलमा पर्दै हुक्काहुक्की .....

हुक्कापाति बनाउँदै बिक्री गर्दै आएकी अनुपम देवीका लागि यो व्यापार आम्दानीको माध्यम मात्र नभई पुर्खाले चलाउँदै आएको सीप र संस्कृतिलाई निरन्तरता दिने प्रयास पनि हो।

हुक्कापातिको आकार र प्रकारअनुसार १५ देखि ५० रुपैयाँसम्ममा बिक्री हुने गरेको स्थानीय विक्रेताहरू बताउँछन्। दीपावलीको अवसरमा सीमित समयका लागि हुने यसको व्यापारले परम्परागत लोकसंस्कृतिलाई निरन्तरता दिन सहयोग पुऱ्याएको उनीहरूको भनाइ छ।

दरिद्रता हट्ने र समृद्धि भित्रिने धार्मिक विश्वास

मधेशमा हुक्काहुक्की खेल्ने परम्परालाई मनोरञ्जनसँगै धार्मिक तथा सांस्कृतिक विश्वासका रूपमा लिने गरिन्छ। ज्येष्ठ नागरिक राजकुमार कामतीका अनुसार पुस्तैंदेखि लक्ष्मीपूजाका दिन प्रत्येक घरको छानामाथि एउटा हुक्काहुक्की राख्ने चलन छ। यसो गर्दा घरबाट दरिद्रता हट्ने र लक्ष्मीको वास हुने जनविश्वास रहेको उनले बताए।

धान काट्न सुरु गर्दा पनि हुक्कापातिसँग जोडिएको परम्परा छ। नयाँ धान घरमा भित्र्याएपछि त्यसलाई भुटेर चिउरा बनाउने र नमान (पूजा) गर्ने चलन छ। उक्त पूजाका लागि धान भुट्न घरको छानामाथि राखिएको हुक्कापातिलाई दाउराका रूपमा प्रयोग गरिने उनले बताए। पूजापछि मात्रै नयाँ धान उपभोग गर्ने परम्परा रहेको उनको भनाइ छ।

मैथिली भाषामा प्रचलित 'हुक्कापाथि खेलै छी, मच्चर भगावै छी' भन्ने भनाइले पनि यस परम्पराको सांस्कृतिक महत्व झल्काउँछ। लक्ष्मीपूजाको साँझ सामूहिक रूपमा हुक्काहुक्की खेल्दा घरबाट दरिद्रता हट्ने र सुख-समृद्धि भित्रिने विश्वासका आधारमा यो परम्परा पुस्तौंदेखि चल्दै आएको छ।

यसरी बनाइन्छ हुक्काहुक्की

हुक्काहुक्की बनाउन जुट वा पटुवाको सन्ठी र रारीको खर प्रयोग गरिन्छ। सन्ठीलाई आवश्यक लम्बाइमा मिलाएर टुप्पोमा जोड चिह्नजस्तो आकार बनाइन्छ। त्यसपछि सुकेको जुटको ओदारले बाँधेर हुक्कापाति तयार गरिन्छ।

परम्पराअनुसार प्रत्येक घरको छानामा राख्न एउटा र घरका छोराहरूको संख्याअनुसार छुट्टाछुट्टै हुक्काहुक्की बनाउने चलन छ। लक्ष्मीपूजाको साँझ घरका जेठो छोरा वा छोराहरूले मूलदेवता अगाडि बालिएको दीपबाट हुक्काहुक्कीको टुप्पोमा आगो सल्काउँछन्। त्यसपछि मन्त्रोच्चारण गर्दै घरबाहिर डगर, चौराहा वा खेतमा पुगेर सामूहिक रूपमा खेल्ने गरिन्छ।

हुक्काहुक्की आधा जलेपछि भुइँमा राखेर तीन वा पाँच पटक नाघ्ने र बाँकी रहेको भाग तरकारीबारीमा गाड्ने चलन छ। यसरी गाड्दा खेतबारीमा राम्रो उत्पादन हुने र बालीमा कसैको आँखा नलाग्ने जनविश्वास रहेको छ।

परम्परागत सीप र कृषि उत्पादनको संरक्षण आवश्यक

आधुनिक दीपावलीमा विद्युतीय बत्ती, रङ्गीचङ्गी सजावट तथा आधुनिक सामग्रीको प्रयोग बढ्दै जाँदा परम्परागत लोकसंस्कृतिको महत्व नयाँ पुस्तामा कम हुँदै गएको छ।

हुक्काहुक्की परम्परा केवल दीपावलीको मनोरञ्जन मात्र नभई स्थानीय कृषि उत्पादन, परम्परागत सीप, सामुदायिक सहयोग र सांस्कृतिक पहिचानसँग समेत जोडिएको छ। यसको संरक्षणका लागि नयाँ पुस्तालाई परम्पराको महत्व बुझाउनुका साथै जुटखेती र परम्परागत सीपको संरक्षणमा स्थानीय तह, सांस्कृतिक अभियन्ता र समुदायले संयुक्त पहल गर्न आवश्यक देखिन्छ।



पत्रकार पक्राउबारे सरकार- प्रहरीले सामान्य सोधपुछ मात्रै गरेको हो

अपन दैनिक संवाददाता
काठमाडौं, कार्तिक १७ गते

सरकारका प्रवक्ता सस्मित पोखरेलले पत्रकार पक्राउ प्रहरीको आन्तरिक विषय भएको बताएका छन्।

मन्त्रिपरिषद् बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै संवेदनशील सूचनाको विषय भएकाले प्रहरीले सामान्य सोधपुछ गरेको बताए।

उनले भने, 'यदि त्यहाँ गैरकानुनी काम केही भएको छ, त्यसमा गृह मन्त्रालयले हस्तक्षेप गर्नुपर्ने त्यस्तो केही छ भने त्यो भइहाल्छ। तर अहिलेसम्म हाम्रो बुझाइ अनुसार प्रहरीले संवेदनशील सूचनाहरू हुँदै नभएको भ्रामक कुरा आएको हुनाले सामान्य कसरी भयो, के भयो भनेर सोधपुछ मात्र भएको हो।'

प्रधानमन्त्रीले आईजीपीको राजीनामा माग्यो भन्ने भ्रामक सूचना कहाँबाट आयो भन्ने विषयमा प्रहरीले सोधपुछ मात्रै गरेको बताए।

उनले अगाडि भने, 'सरकारसँग पूर्ण अनुमति लिएर गरेको होइन। त्यसमा सरकारलाई, प्रधानमन्त्रीलाई त्यसको केही पनि जानकारी थिएन। त्यसमा गृह मन्त्रालयले आवश्यक परे थप त्यसको काम कारबाही गर्छ।'

प्रधानमन्त्रीलाई जानकारी आउनासाथ छाड्न निर्देशन दिएको





बालविवाह न्यूनीकरणका लागि कानुनको प्रभावकारी .....

बालविवाहका घटनामा कमी आएको बताउँदै यस्ता घटनाबारे जानकारी प्राप्त हुनासाथ रोकथामका लागि पहल गर्ने गरेको जानकारी दिनुभयो।

कार्यक्रममा बालविवाह न्यूनीकरणका विभिन्न पक्षमा समूहगत छलफलसमेत गरिएको थियो। छलफलका सहभागीहरूले बालविवाहका कारण बालबालिकाको मानसिक स्वास्थ्यमा असर पर्नुका साथै आर्थिक तथा सामाजिक समस्या निम्तिने गरेको बताए। उनीहरूले बालविवाहका नकारात्मक असरबारे अभिभावकले आफ्ना छोराछोरीलाई समयमै सचेत गराउनुपर्नेमा जोड दिए।

समूहगत छलफलपछि प्रस्तुतिकरण गर्दै लाइफ नेपालकी फरिदा खातुनले बालविवाहका कारण मातृ तथा शिशु मृत्युदर बढ्ने जोखिम रहनुका साथै महिलाको उच्च शिक्षामा पहुँचसमेत प्रभावित हुने बताउनुभयो।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार मधेश प्रदेशमा बालविवाहको दर ३२.८ प्रतिशत रहेको छ।

नेपाल मुस्लिम महिला कल्याण समाजकी अध्यक्ष सीमा खानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग, मधेश प्रदेश कार्यालयकी अधिकृत कुमारी शरणा उराव, नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरण साहलगायतको सहभागिता थियो।

कर्मचारी सरुवामा विभेद भएको भन्दै कालो कपडाले .....

भंग गर' र 'भ्रष्ट अधिकारीमाथि कारबाही गर' लगायतका नारा उनीहरूले लगाएका थिए।

चुरे तथा वनजंगल संरक्षण अभियानका संयोजक सुनिल यादवले प्रदेश सरकारले गरेको कर्मचारी सरुवामा चलखेल भएको आरोप लगाए। उनका अनुसार वन निर्देशनालयसहित विभिन्न वन कार्यालयमा १० देखि २५ वर्षसम्म एउटै कार्यालयमा कार्यरत कर्मचारीहरू रहे पनि उनीहरूको सरुवा गरिएको छैन।

'वन कार्यालयहरूमा भएको सरुवामा चलखेल भएको छ। समयावधि पुगेका कतिपय कर्मचारीको सरुवा भएको छ तर १० देखि २५ वर्षसम्म एउटै कार्यालयमा बसेकाहरूको सरुवा गरिएको छैन। यसले पहुँच हुनेहरू नियमभन्दा माथि छन् भन्ने सन्देश दिएको छ, उनले भने, 'नियम सबैलाई समान रूपमा लागु हुनुपर्छ र सरुवाको निर्णय सच्याउनुपर्छ भन्ने हाम्रो माग हो।' सरकारको यस्तो व्यवहारप्रति असन्तुष्टि जनाउँदै मुखमा कालो कपडा बाँधेर विरोध गर्नुपरेको यादवले बताए।

यसअघि पनि सरुवा निर्णय सच्याउन माग गर्दै प्रदेशअन्तर्गतको वन निर्देशनालयमा ज्ञापनपत्र बुझाइएको उनले जानकारी दिए। अर्का अभियन्ता राजेश भण्डारीले वन मन्त्रालयमा मात्र नभई शिक्षा, स्वास्थ्य, यातायात र उद्योगलगायतका मन्त्रालयमा समेत सरुवा प्रक्रिया निष्पक्ष नभएको आरोप लगाए। उनले पहिलो चरणमा ज्ञापनपत्र बुझाउने र धर्ना दिने कार्यक्रम गरिएको बताउँदै माग सम्बोधन नभए चरणबद्ध आन्दोलनमा उत्रिने चेतावनी दिए। प्रदर्शनपछि अभियन्ताहरूले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ज्ञापनपत्र बुझाएका छन्।

संयोजक यादवले छठ पर्वपछि आन्दोलन थप चर्काउने र सरुवा निर्णय सच्याउन सरकारलाई बाध्य पार्ने दाबी गरे। मधेश भवनको मुख्य प्रवेशद्वारमै प्रदर्शनकारीहरूले धर्ना दिएपछि भवनभित्र रहेका विभिन्न मन्त्रालयका कर्मचारी तथा पदाधिकारी केही समय आवतजावतमा प्रभावित भएका थिए।

पशु वधशाला र मासु जाँच सम्बन्धी सूचना

"उपभोक्तालाई स्वस्थ मासु उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारबाट २०८३ मंसिर १ गतेदेखि काठमाण्डौं, भक्तपुर र ललितपुर जिल्लाका सबै स्थानीय तहहरुमा, २०८३ माघ १ गतेदेखि बाँकी सबै नगरपालिकाहरुमा र २०८४ साउन १ गतेदेखि देशैभरी पशु वधशाला र मासु जाँच ऐन, २०५५ लागु हुने गरी राजपत्रमा सूचना प्रकाशन भएको हुँदा ऐन कार्यान्वयनमा मासु व्यवसायी लगायत सम्पूर्ण सरोकारवालाहरुको सहयोगका लागि हार्दिक अनुरोध छ" ।

मासु मात्र हैन, स्वस्थ मासु खोजौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मधेशका मुख्यमन्त्रीले विश्वासको मत लिन ११ दिन बाँकी, प्रदेशसभा सञ्चालनबारे के भन्छन् सभामुख ?

अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक १७ गते

अल्पमतमा परेको मधेश प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादवले विश्वासको मत लिन ११ दिन मात्र बाँकी रहँदा पनि प्रदेशसभा सञ्चालनका लागि कुनै जानकारी नआएको सभामुख रामआशिष यादवले बताएका छन्।

अपन दैनिकसँग कुरा गर्दै सभामुख यादवले मुख्यमन्त्रीले कात्तिक २९ गतेभित्र विश्वासको मत लिनुपर्ने भए पनि अहिलेसम्म आफूलाई त्यसबारे जानकारी नगराएको बताए।

'विश्वासको मत उहाँले २९ गतेभित्र लिनुपर्ने हुन्छ। कुन दिन लिने भनेर अहिलेसम्म मलाई जानकारी प्राप्त भएको छैन। उहाँले दुई दिनअगावै हामीलाई जानकारी गराउनुपर्ने हुन्छ। त्यसपछि हामीले आफ्नो प्रक्रिया अघि बढाउने हो,' उनले भने।

सभामुख यादवका अनुसार मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न अन्य दलसँग परामर्श र छलफल गरिरहेका हुन सक्छन्। मन्त्रिपरिषद् बैठक बसेर विश्वासको मत लिने निर्णय गरेपछि प्रदेशसभामा पत्र आउने र त्यसपछि सभाको प्रक्रिया अघि बढ्ने उनले बताए।

गत असोज ३० गते नेकपा एमाले तीनदलीय गठबन्धन सरकारबाट बाहिरिएपछि मधेश प्रदेश सरकार अल्पमतमा परेको हो। यद्यपि, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले सरकारलाई दिएको समर्थन भने फिर्ता लिएको छैन। मुख्यमन्त्री यादवले कार्तिक २९ गतेभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्नेछ।

मुख्यमन्त्री यादवले विश्वासको मत लिने समय बाँकी रहेकाले अन्य दलसँग औपचारिक तथा अनौपचारिक छलफल भइरहेको बताए। निर्धारित समयसम्म राजनीतिक परिस्थिति आफ्नो पक्षमा आउन सक्ने आशा व्यक्त गर्दै उनले भने, 'संवैधानिक व्यवस्थाअनुसार विश्वासको मत लिनैपर्छ। समय छ, सहमतिको प्रयास गर्दैछौं।'

१०७ सदस्यीय मधेश प्रदेशसभामा सरकार गठनका लागि कम्तीमा ५४ सांसदको समर्थन आवश्यक पर्छ। प्रदेशसभामा नेपाली कांग्रेसका २२, नेकपा एमालेका २३, जसपा नेपालका



२७, नेपाली कम्युनिस्ट पार्टीका १५ र जनमत पार्टीका १२ सांसद छन्। त्यस्तै, संघीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक-एक सांसद छन्।

स्रोतका अनुसार निर्धारित समयभित्र विश्वासको मत लिनुपर्ने सवैधानिक बाध्यता रहेकाले मुख्यमन्त्री यादवले आफ्नो पक्षमा आवश्यक संख्या जुटाउन नसके राजीनामा दिनुपर्ने विकल्प पनि रहन सक्छ। यद्यपि, मुख्यमन्त्रीले भने सहमतिको प्रयास जारी रहेको बताएका छन्।

एआई तालिमका लागि ६८ हजारभन्दा बढी आवेदन

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १७ गते

युवा, श्रम तथा रोजगार मन्त्रालयको अगुवाईमा राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानले सञ्चालन गर्न लागेको 'Mastering AI with Effective Prompt Engineering' विषयक निःशुल्क अनलाइन तालिममा ६८ हजारभन्दा बढीले आवेदन दिएका छन्।

दुई हजार युवालाई लक्षित गरी योजना गरिएको उक्त तालिममा अपेक्षाभन्दा धेरै आवेदन प्राप्त भएपछि आवेदन दिएका सबै आकांक्षी युवालाई तालिममा सहभागी गराउने निर्णय भएको छ।

यसका लागि तालिम सुरु हुनुभन्दा दुई घण्टाअघि एसएमएसमार्फत लिंक पठाइने व्यवस्था गरिएको र प्राप्त लिंकबाट तालिममा आवेदन दर्ता गराएका सहभागीहरूलाई मात्र दर्ता गरिएको नाम र मोबाइल नम्बरका आधारमा आफूले आवेदन फाराममा रोजेको सत्रअनुसार तालिममा सहभागी हुने व्यवस्था गरिएको छ।

सुरुवाती योजनाअनुसार कार्तिक १८ र १९ गते चारवटा छुट्टाछुट्टै सत्रमा प्रतिसत्र ५०० जनाका दरले जम्मा दुई हजार जनालाई तालिम प्रदान गर्ने लक्ष्य बमोजिमको व्यवस्था गरिएको थियो। तर, देशभरका युवाहरूले देखाएको उत्साह र अत्यधिक सहभागितालाई ध्यानमा राख्दै तालिमको पहुँच विस्तार गरी सबै आवेदकलाई सहभागी गराउने निर्णय भएको छ। यसअघि पहिलो चरणमा ४२ हजारभन्दा बढी र पुनः आवेदन खुला गरिएको अवधिमा २६ हजार ५०० भन्दा बढी आवेदन प्राप्त भएका छन्।

यो तालिम देशभरका युवालाई कृत्रिम बुद्धिमत्ता (एआई)सम्बन्धी आधारभूत ज्ञान र व्यावहारिक सीप प्रदान गर्ने उद्देश्यले सञ्चालन हुन लागेको हो। तालिममा मुख्य रूपमा च्याटजिपिटी, क्लाउडेलगायतका एआई उपकरणको प्रभावकारी प्रयोग, उपयोगी प्रम्प्ट लेखन, इमेल तथा कार्यालयसम्बन्धी कागजात तयार गर्ने, प्रेजेन्टेसन निर्माण गर्ने, तस्विर तथा छोटा भिडियो बनाउने र एआईबाट प्राप्त जानकारीको सत्यता जाँच्नेलगायतका विषयहरु समेटिनेछन्।

यो कृत्रिम बुद्धिमत्ता (एआई) सम्बन्धी आधारभूत तहको तालिम भएकाले सहभागीहरूलाई एआई प्रविधिसँग परिचित गराउने र दैनिक जीवन, अध्ययन, रोजगारी तथा व्यावसायिक कार्यमा यस उपकरणको प्रयोग गर्न सक्षम बनाउने लक्ष्य छ।

तालिमका लागि आवेदन दिएका सबै सहभागीलाई आफूले आवेदन फाराममा रोजेको सत्रअनुसार तालिममा मोबाइल फोन वा ल्यापटपबाट सहभागी हुने व्यवस्था गरिएको छ।



